जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २६ २०८२ साल भदौ २ गते सोमबार (17 Aug 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : साउन सकिँदा महोत्तरीमा... ३ पृष्ठमा : कोप-३० को तयारी सुरु... ३ पृष्ठमा : गाजामा इजरायली आक्रमण ...



कृष्णाष्टमीको अवसरमा राजविराजस्थित राधाकृष्ण मन्दिरबाट आइतबार दिउँसो निस्केको रथयात्रा । रथयात्रा राजविराज नगर परिक्रमा गर्दै पुनः राधाकृष्ण मन्दिरमै गएर बिर्सजन भएको थियो । *तस्बिर : राजविराज दैनिक*

# हात्ती धपाउन करेन्ट लगाइको तारमा टाँसिएर दम्पत्तिको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौं ।**

सप्तरीको कञ्चनरुप नगरपालिका ५ पिपरामा हात्ति धपाउने उद्देश्यले करेन्ट लगाइएको तारमा टाँसिएर एक दम्पत्तिको ज्यान गएको छ ।

प्रहरीका अनुसार शनिबार राति स्थानीय ५० वर्षीय बद्रि सरदार र उनकी ४५ वर्षीया पत्नी विमला देवी सरदारको करेन्ट लागेर मृत्यु भएको हो ।

ती दम्पतीले आफ्नै खेतमा काम सकेर घर फर्कने क्रममा करेन्ट लागेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

खेतमा धानबाली जोगाउन स्थानीय महेन्द्र सरदारले हात्ती धान नखाओस् भनेर तार तानी करेन्ट जोडेका थिए । सोही करेन्ट जडित तारमा बद्रि सरदार र विमला देवी दुबै जनाको टासिएर घटनास्थलमै ज्यान गएको छ ।

घटनाको जानकारी पाएलगत्तै प्रहरी चौकी धरमपुरबाट प्रहरी टोली खटिएको थियो । साथै इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेको कमाण्डमा थप टोली र अपराध स्थल अनुसन्धान टोली समेत घटनास्थल पुगेको थियो ।

स्थानीयवासीहरूले घटनापछि आक्रोश र शोक व्यक्त गरेका छन् । गाउँमा करेन्ट तानेर खेतबाली जोगाउने चलन बढ्दो रहेकाले यसले मानवीय क्षति निम्त्याउने खतरा रहेको भन्दै चाँडै नियन्त्रण गर्नुपर्ने आवाज पनि उठेको छ ।

यसबीच, प्रहरी अनुसन्धान अघि बढाइरहेको र आवश्यक कानुनी कारबाही हुने जनाएको छ । घटनाबाट गाउँको वातावरण स्तब्ध बनेको छ भने मृतक दम्पतीका परिवार शोकमा डुबेका छन् ।

## सहिदको बलिदान अमूल्य सम्पत्ति : मुख्यमन्त्री सिंह

**दैनिक समाचारदाता**
**जनकपुर, १ भदौं ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले तेस्रो मधेस आन्दोलनका प्रथम सहिद राजीव राउतप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् ।

आइतबार राउतको सहादत दिवसका अवसरमा मुख्यमन्त्री सिंहले सामाजिक सञ्जालमार्फत सन्देश जारी गर्दै सहिद राउतसहित सम्पूर्ण सहिदप्रति उच्च सम्मान प्रकट गरेका हुन् ।

मुख्यमन्त्री सिंहले सहिदहरूले देखाएको बाटो र आदर्शलाई अवलम्बन गर्दै मधेसका अधिकार, समानता र न्यायको पक्षमा निरन्तर अघि बढ्ने दृढ सङ्कल्प व्यक्त गरे । उनले मधेस आन्दोलनका क्रममा बलिदान दिने सहिदहरूको बलिदानलाई इतिहासकै अमूल्य सम्पत्ति भएको उल्लेख गरे ।

मधेसवादी दलहरुको आन्दोलनका विसं २०७२ भदौ १ गते पूर्व-पश्चिम राजमार्गअन्तर्गत सप्तरीको भारदहमा प्रहरीको गोली लागि राजीव राउतको घटनास्थलमै मृत्यु भएको थियो ।

## सवारी दुर्घटनामा ६ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौं ।**

सप्तरीको सप्तकोशी नगरपालिका २ पर्सास्थित कन्चनपुर फत्तेपुर सडक खण्डमा आइतबार सिटिलाई मोटरसाइकलले पछाडीबाट ठक्कर दिदा ६ जना घाइते भएका छन् ।

कन्चनपुरबाट फत्तेपुरतर्फ जादै गरेको प्र.१-०२-००४ह.८८२२ को सिटि सफारीलाई सोही दिशातर्फ जादै गरेको प्र.१-०५-००२प.१४६ नम्बरको मोटरसाइकलले पछाडीबाट ठक्कर दिदा सो दुर्घटना भएको हो ।

दुर्घटनामा मोटरसाइकल चालक उदयपुरको चौदण्डीगढी नगरपालिका ५ बस्ने मनोज चौधरीको २६ वर्षिय छोरा संदिब चौधरी, सप्तरी सप्तकोशी नगरपालिका ७ बस्ने वडा सदस्य ५० वर्षिया बिमला चौधरी, १८ वर्षिया एलिना चौधरी, १८ वर्षिया अनु थापामगर, १८ वर्षिय सबिना चौधरी र सिटिसफारी चालक २५ वर्षिय भाजु बहरदार घाइते भएको प्रहरीले जनाएको छ ।

घाईते सबै जनालाई स्थानीय किरण पोलीकिल्निकमा उपचार भईरहेको र दुबै सावरी साधन प्रहरी चौकी फत्तेपुरको नियन्त्रणमा रहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

## पुरुष झुण्डिएको अवस्थामा फेला, घटनाको छानबिन गर्न माग

**दैनिक समाचारदाता**
**राजविराज, १ भदौं ।**

सप्तरीको तिरहुत गाउँपालिका ४ डिमनमा आइतबार एक पुरुष झुण्डिएको अवस्थामा फेला परेका छन् ।

सुनसरी जिल्लाको दुहवी नगरपालिका ११ तन्मुना निवासी ५० वर्षीय जगदिश मेहता झुण्डिएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय कंचनपुरका अनुसार मेहता बस्दै आएको घर नजिकैको मुङ्गाको रुखको हाँगामा गम्छाको पासो लगाई घुँडाले भुइँ टेकेको अवस्थामा मृत फेला परेका थिए ।

स्थानीयका अनुसार मेहता करिब ४/५ दिनअघि डिमनस्थित रञ्जित कुमार मेहताले सञ्चालन गर्दै आएको शिवशक्ति होटलमा काम गर्न आएका थिए ।

यसैबीच मृतकको आफन्तहरूले घुँडाले भुइँ टेकेको अवस्थामा शव भेटिएको भन्दै घटनाप्रति शंका व्यक्त गरेका छन् । उनीहरूले मेहताको हत्या भएको हुन सक्ने दावी गर्दै

*बाँकी अन्तिम पृष्ठमा*

## वैशाखदेखि हालसम्म विपद्का दुई हजार ८५३ घटना

काठमाडौं, १ भदौ (रासस) ।

गत वैशाखदेखि साउन ३१ गतेसम्म देशभर कुल दुई हजार ८५३ वटा विपद्का घटना घटेका छन् । ती घटनामा परेर एक सय २६ जनाको निधन भएको छ । यस्तै पाँच सय ८५

*बाँकी अन्तिम पृष्ठमा*

## युएई सरकारद्वारा १२० नेपालीलाई आममाफी

काठमाडौं, १ भदौः (रासस) ।

संयुक्त अरब इमिरेट्स (युएई) सरकारले विभिन्न कसुरमा जेलमा रहेका एक सय २० नेपालीलाई सजाय माफ गरेको छ ।

नेपाली राजदूतावास अबुधावीका अनुसार ती नेपालीलाई बाँकी कैद सजाय माफ गरिदिएको छ ।

दूतावासका अनुसार इस्लाम धर्मावलम्बीको महान् पर्व अल अहादका अवसरमा युएई सरकारले उक्त निर्णय गरेको हो ।

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### लागुपदार्थ नियन्त्रणका लागि सीमा क्षेत्रमा कडाई आवश्यक

लागु पदार्थको दुर्व्यसन अहिले युवा वर्गमा बढी देखिएको छ । नेपालमा डेढ लाखको हाराहारीमा लागुपदार्थ सेवन गर्नेहरु रहेको तथ्याङ्कले देखाउँछ । सो तथ्याङ्कले मुलुकमा प्रत्येक वर्ष ११ दशमलव ३६ प्रतिशतका दरले दुर्व्यसनीहरुको संख्या बढ्दै गएको देखाएको छ । लागु पदार्थ सेवन गर्नेहरुको स्वभाव, बोल्ने शैली र दैनिकी अचानक परिवर्तन हुन थाल्दछन् अभिभावकहरुले पनि आफ्ना छोराछोरीको स्वभाव र बोल्ने शैली तथा दैनिकीमा परिवर्तन देखिए सचेत हुन जरुरी छ ।

नेपालमा सवैभन्दा बढी काठमाडौंमा दुर्व्यसनीहरुको संख्या रहेको तथ्याङ्कले देखाउँछ यसका अलावा भारतसँग सीमा जोडिएका जिल्लाहरुमा समेत लागुपदार्थको सेवनकर्ता उल्लेख रुपमा रहेका छन् । सप्तरीमा पनि प्रायः जसो जिल्लाका र छिमेकी जिल्लाका युवाहरु लागुऔषधका साथ प्रहरी नियन्त्रणमा आउने गरेका छन् । उनीहरु मध्ये केही सेवनकर्ता र केही ओसारपसारमा संलग्न रहेको प्रहरी श्रोतले जनाएको छ ।

नेपालमा लागुऔषध नियन्त्रणका लागि ऐन कानूनहरु नबनेका होइनन् । तथापि नेपालमा लागुपदार्थ सेवनकर्ता र खरीद बिक्रीको कारोबारमा खासै कमी आउन सकेको छैन । तसर्थ यसका लागि भएका कानूनहरुको कार्यान्वयनमा थप कडाई गर्दै विद्यालय र समाजमा नैतिक शिक्षालाई व्यवहारमा लागु गर्ने तर्फ पनि ध्यान पुऱ्याउन जरुरी रहेको छ । र यसका लागि भारती खुल्ला सीमा नाकामा समेत कडाई आवश्यक छ ।

# साउन सकिँदा महोत्तरीमा करिब ७५ प्रतिशत रोपाइँ

महोत्तरी, १ भदौ (रासस) ।

साउन अन्तिम साताको अनुकूल वर्षा भएसँगै महोत्तरीमा करिब ७५ रोपाइँ भएको छ । साउनको अन्तिम साता दिनहुँजसो पानी परेपछि धमाधम रोपाइँ भई करिब तीन भाग जमिनमा धानखेती भएको हो । साउन दोस्रो सातासम्म करिब ३० प्रतिशत मात्र रोपाइँ भएकामा तेस्रो साता बित्दा लगभग ४५ प्रतिशत पुगेको र मसान्तसम्म करिब ७५ प्रतिशतको हाराहारी रोपाइँ भएको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ ।

"साउनको पछिल्लो साता आकासे पानीले पनि साथ दियो, किसानले भूमिगत जलस्रोतका विकल्पलाई निकै उपयोग गरे, यसले रोपाइँ बढाउन मद्दत गऱ्यो" बालीविज्ञसमेत रहनुभएका कार्यालयका सूचना अधिकारी अविरलकुमार महतो भन्नुहुन्छ, "साउन सकिदासकिँदै धान रोपाइँ ७५ प्रतिशतको हाराहारी पुग्यो ।" मधेशका अन्य जिल्लाको तुलनामा निकैपछि परेको महोत्तरीको धान रोपाइँले साउन तेस्रो साताको प्रारम्भदेखि नै गति लिएको हो । इनार, डिपबोरिङ र स्यालो टयुववेलबाट मोटरपम्प र पम्पसेटले पानी तानेर रोपाइँ गरिरहेका किसानलाई साउनको अन्त्यतिर लगातार परेको पानीले निकै राहत दियो ।

"साउन दोस्रो सातासम्म एक कठ्ठा हिल्याउन तीन घण्टा बढी मोटरपम्प र पम्पसेट चलाउन् पर्थ्यो, त्यसयता अलिअलि पानी पर्न थालेपछि तानेको पानी चाँडै लाग्दा सहज हुँदैगयो" भङ्गाहा-५ सिद्धपुरका शनिश्चर बाँतर भन्नुहुन्छ, "साउन अन्तिम साता सुरु भएसँगै माटो गालेर पानी पर्न थाल्यो, यसले रोपाइँलाई निकै मद्दत गऱ्यो । आफ्नो बस्तीमा साउन सकिदासकिँदै रोपाइँ पनि सकियो, अहिले यहाँका स्थानीय किसान खुसी छन् ।"साउन मध्ययता दिनहुँजसो परेको पानीले यहाँका किसानलाई अब भने धान भित्रिने आस जागेको छ । मध्य साउनपछिको वर्षा धानखेतीलाई अमृत झैँ भएको किसान बताउँछन् । बाँतरकै छिमेकी रामनारायण झा भन्नुहुन्छ, "दुःखले धान रोपियो, अब मङ्सिरमा केही धान भित्रिने आस जाग्यो ।"

जिल्लामा सुदूरउत्तर, पूर्वीभेग र मध्यसम्म रोपाइँ राम्रो भए पनि दक्षिणपश्चिमी भेगमा भने अझै पनि पानी अपुग छ । जिल्लाका १५ स्थानीयतहमध्ये मनराशीशवा, सम्सी, एकडारा र सोनमासहितका पाँच/छ पालिकामा पानी अपुग हुँदा रोपाइँपछि परेको किसानको भनाइ छ । "हामीकहाँ पानी पुगेन, भूमिगत जलस्रोत पनि भरपर्दो हुनसकेन, त्यसैले रोपाइँपछि पऱ्यो" मनराशीशवा नगरपालिकाको साँढा बस्तीका चन्द्रभूषण मौव्वार भन्नुहुन्छ, "अब त रोप्ने बेला पनि घर्किँयो, सरकारले किसानलाई समयमै अरु बाली लगाउन भरथेग गर्नुपर्छ ।"

जिल्लाका केही भेगमा रोपाइँपछि परेपनि अधिकांश भेगमा भने किसानले मरिहत्ते गरेर धान रोपेका छन् । "साउन तेस्रो साताको प्रारम्भसँगै अलिअलि पानी पर्न थालेपछि रोपाइँले गति लिएको हो, पानी पर्न थालेपछि भूमिगत पानीको सिँचाइ सहज र कम खर्चिलो भएसँगै किसानले रोपाइँको गति बढाएका हुन्" कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयका सूचना अधिकारी महतो भन्नुहुन्छ, "साउन चौथोसाता लागेपछि त ठाउँठाउँमा परेकै पानीले रोपाइँ हुन थाल्यो, कतिपय ठाउँमा भूमिगत जलस्रोतको पानीलाई वर्षाले साथ दियो ।" साउन अन्तिम साताको वर्षाले यसअघि रोपिएको धान जगाउन र रोपाइँ बढाउन निकै राहत मिलेको महतो बताउनुहुन्छ । जिल्लामा अहिलेसम्म करिब ३३ हजार ३५० हेक्टरमा रोपाइँ भएको छ । यो धानखेती गरिने कूल ४५ हजार हेक्टरको ७५ प्रतिशतको हाराहारी हो ।

साउन मध्ययता इनार, स्यालोटयुववेल र डिपबोरिङबाट तानिएको पानीले वर्षाको साथ पाउँदा कम समयमा बढी खेत हिल्याउन सहयोग पुगेको किसान बताउँछन् । पानी परिरहँदा भूमिगत तानिएको पानीले चाँडै खेत हिल्याउन सहयोग पुगेको किसानको भनाइ छ । "कसैगरी धान रोपियो, मोटरपम्प र पम्पसेटबाट तानिएको पानीमा वर्षाको साथ मिल्यो" बर्दिबास-७ प्रेमनगरका किसान रामऔतार महतो भन्नुहुन्छ, "हामीकहाँ अब लगभग धान रोपाइँ सकियो ।" साउन १५ यता दिनहुँजसो केहीबेर पानी पर्दै आएपछि त्यसअघिको धजा फाटेको खेतको रोपो हरियो भएर लहलहाएपछि अबचाहीँ घरमा धान भित्रिने आस जागेको महतोको भनाइ छ ।

साउन सकिँदा पनि किसान अझै रोपाइँमा धसिएका छन् । अब बढीमा दुई/तीन दिन अझै रोपाइँ चल्ने कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयका कृषिविज्ञको भनाइ छ । किसानको तयारी अवस्थालाई हेर्दा रोपाइँ ८० प्रतिशत पुग्ने अनुमान गरिएको कार्यालयका सूचना अधिकारी महतो बताउनुहुन्छ । यद्यपि अब यसपाली खरुअन (कलम) नहर्कदा मूल बीउको रोपो एक/दुई दिनभन्दा बढी लम्ब्याउन नहुने किसानलाई बालीविज्ञको सुझाव छ । यसपालि लामो खडेरीले असार २२ भित्र सक्नुपर्ने बीउ रोपो किसान अझै रोप्दैछन् । खरुअन (कलम) लगाउन यसअघिको रोपो नगाजिँदा अहिले पनि बीउ रोप नै चलाउन् परेको किसानको भनाइ छ । यसपाली बीउ ब्याडमै कैयौँ चोटी सुक्दा किसानले पटकपटक ब्याड राख्नुपरेको थियो । पछि बीउकै अभावले कतिपय किसानले पानी अनुकूल हुँदा पनि रोपाइँ बढाउन सकेनन् ।

यसपालि रोपाइँ ढिलो भएको हुँदा अस्वभाविक रुपमा कीरा र रोगको प्रकोप सुरु हुनसक्नेतर्फ सचेत रहन र तत्काल सल्लाह लिन कृषि विज्ञले किसानलाई सुझाएका छन् । यसैगरी साउन मध्यअघिको रोपोमा झार व्यवस्थापनमा तत्काल ध्यान दिन किसानलाई कृषि विज्ञसमेत रहनुभएका सूचना अधिकारी महतोको सुझाव छ । महोत्तरीसहितका मधेशमा हिउँदे धान लगाउने स्थापित तालिका यसपाली पानीको अभाव र समयमा भरपर्दो बीउ नभेटिदा पछि परेको छ ।

बाँकी तीन पृष्ठमा

# उच्चस्तरीय शासकीय सुधार आयोगको बैठक : औचित्य नभएका संस्था खारेज, समायोजन र हस्तान्तरणबारे छलफल

काठमाडौँ, १ भदौ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आइतबार भएको उच्चस्तरीय शासकीय सुधार आयोगको दोस्रो बैठकमा औचित्य नभएका संस्था खारेज, गाभ्ने वा प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्ने सम्बन्धमा छलफल भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको बैठकले यसअघिका विभिन्न आयोग एवं कार्यदलले दिएका सुझाव प्रतिवेदनका आधारमा खारेज गर्ने, गाभ्ने र हस्तान्तरणका लागि सिफारिस भएका निकायबारे विस्तृत अध्ययन गरी ठोस प्रस्ताव ल्याउन आयोगको कार्यान्वयन समितिलाई जिम्मेवारी दिएको छ ।

आयोगका अध्यक्ष प्रधानमन्त्री ओलीले उद्देश्य अनुकूलको सकारात्मक परिणाम ल्याउने विकल्पसहित १५ दिनभित्र प्रतिवेदनसहितको प्रस्ताव ल्याउन कार्यान्वयन समितिलाई निर्देशन दिनुभएको छ । आयोगमा मुख्यसचिव एकनारायण अर्यालको संयोजकत्वमा कार्यान्वयन समिति छ ।

सार्वजनिक सेवालाई सरल, पहुँचयोग्य, मितव्ययी र झन्झटरहित बनाउन गत वैशाख ८ गतेको मन्त्रिपरिषद्को बैठकबाट प्रधानमन्त्री ओलीको अध्यक्षतामा गठित आयोगको पहिलो बैठक गत असार ४ गते भएको थियो । आयोगमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेलगायत पदेन सदस्य रहनुभएको छ ।

आयोगमा राजनीतिक दलमध्येबाट नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष रामबहादुर थापा तथा विज्ञमध्येबाट तीन सदस्य थप भएपछिको यो पहिलो बैठक हो ।

बैठकमा कार्यविस्तृतीकरण परिमार्जन सिफारिस समितिको सुझावबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरण परिमार्जनको प्रस्ताव राष्ट्रिय समन्वय परिषद्बाट स्वीकृत गरी मन्त्रिपरिषद्मा पेस गर्ने विषयमा पनि जानकारी गराइएको थियो ।

आयोगले सेवा प्रदायक निकायको भौतिक तथा मानवीय संरचना, कार्यविधि र प्रविधि सेवामैत्री बनाउने, निर्णय प्रक्रियालाई छरितो, नतिजामूलक र सरल बनाउने, कार्यसम्पादनमा ढिलासुस्ती र दोहोरोपन हटाउन तहगत र निकायगत अन्तर समन्वय सुनिश्चित गर्ने कार्यादेश छ ।

यसैगरी, तीन तहका सरकारबीचको सहकार्य र समन्वय सुदृढ बनाउने, सङ्घीयता अनुकूल हुनेगरी विद्यमान प्रशासनिक संरचना, कार्यप्रक्रिया र कानुनमा सुधार गर्ने, सुशासनसम्बन्धी ऐन र कानुनमा सुधारका विषय पहिचान गर्ने, निजामती सेवालाई सक्षम, उच्च मनोबलयुक्त र उत्तरदायी बनाउने कार्यादेश आयोगलाई छ ।

# प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निमन्त्रणा

काठमाडौँ, १ भदौ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट विदेश सचिव विक्रम मिस्रीले औपचारिक भ्रमणको निमन्त्रणा दिनुभएको छ ।

नेपालको दुईदिने औपचारिक भ्रमणका लागि काठमाडौँ आइपुग्नुभएका सचिव मिस्रीले आइतबार सिंहदरबारमा प्रधानमन्त्री ओलीसँग गर्नुभएको शिष्टाचार

बाँकी अन्तिम पृष्ठमा

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोप-३० को तयारी सुरु, जलवायु वित्तका विषयमा केन्द्रित हुने

**भीष्मराज ओझा**

काठमाडौं, १ भदौ (रासस)।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३०औं सम्मेलन (कोप-३०) का लागि नेपालले तयारी प्रारम्भ गरेको छ।

कोप-३० आगामी नोभेम्बर १० देखि २१ तारिख (आगामी कात्तिक २४ देखि मङ्सिर ५ गतेसम्म) सम्म ब्राजिलको बेलेममा आयोजना हुँदैछ। यो सम्मेलन जिवाश्म इन्धनको खपत विस्थापन, वन, समुद्र र जैविक विविधता संरक्षण अभिवृद्धि, कृषि र खाद्य प्रणालीको रुपान्तरण, मानव पक्षपोषण र सामाजिक विकास तथा प्रविधि, क्षमता अभिवृद्धिललगायत एकअर्कामा गासिएका विषयमा छलफल केन्द्रित हुने जनाइएको छ। त्यसका लागि ब्राजिल सरकारले प्रस्ताव अघि बढाएको छ।

नेपालले पनि गत जेठमा सम्पन्न गरेको सगरमाथा संवादका निष्कर्ष 'सगरमाथा आह्वान' को हिमाल संरक्षणलगायत विषयलाई जोडदार रुपमा उठाउने गरी तयारी थालेको छ। वन तथा वातावरण मन्त्रालयले शुक्रबार नेपालका लागि ब्राजिलका राजदूत, सरोकारवाला सरकारी तथा गैरसरकारी र विकास साझेदारका प्रतिनिधिसहितको बैठक गरी कोप-३० को तयारी थालेको छ।

वनमन्त्री ऐनबहादुर शाही ठकुरीले मन्त्रालयले कार्ययोजना बनाइ सम्मेलनको तयारी थालेको बताउँदै विगतका अनुभवलाई ध्यानमा राखेर अघि बढ्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "सबैका आवाज र साथ लिएर चुस्त टिमका साथ सम्मेलनमा सहभागिता जनाउँनेछौं। नेपालले विगत वर्षहरुका कोपबाट पनि धेरै अनुभव हासिल गरेको छ। कमीकमजोरी हुन नदिन थप सशक्त तयारी गर्नेछौं। सम्मेलनमा जलवायु वित्त, कार्बन व्यापार, जलवायु अनुकूलन र न्यूनीकरण, जलवायुजन्य हानी नोक्सानीलगायत विषयलाई सशक्त रुपमा उठाउने गरी तयारी अघि बढाएका छौं।"

यस पटकको सम्मेलन नेपालबाट धेरै टाढा रहेको ब्राजिलको मुख्य सहरभन्दा टाढा सम्मेलनस्थल भएकाले कम पूर्वाधारका कारण आगन्तुकको बसाइ खर्चिलो हुने बताइएको छ।

विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा रहेको मुलुकमध्येमा पर्दछ। जलवायु परिवर्तनको असर विशेष गरी हिमाली क्षेत्रमा हिमताल पग्लने र विस्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुख्खा खडेरी र तराई मधेसमा बाढी पहिरोहरु देखिन थालेको मन्त्री शाहीले बताउनुभयो। हिमाल, पहाड र तराई/मधेसमा बसोबास गर्ने गरिब, साना किसान, सीमान्तकृत आदिवासी, महिला, बालबालिका, अशक्त, तथा ज्येष्ठ नागरिक बढी प्रभावित बनेका छन्।

**सगरमाथा संवादका निष्कर्षलाई प्राथमिकताका साथ उठाइने**

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा महेश्वर ढकालले सम्मेलनको तयारीका लागि पेभिलियन र साइड कार्यक्रमको अवस्था, राष्ट्रिय अवधारणा पत्र तयारी, प्रतिनिधि मनोनयनको निर्देशिका स्वीकृति, अन्तरमन्त्रालय समन्वय, अमेरिकाको न्यूयोर्कमा रहेको नेपाली स्थायी नियोगसँग समन्वय, सगरमाथा आह्वान कार्यको बारेमा अन्तरक्रियालगायत विषयमा छलफल गरिने जानकारी दिनुभयो।

"यसका साथै राष्ट्रिय वातावरण तथा जलवायु परिवर्तन परिषद्को बैठक, कोप सम्मेलनको पूर्वतयारी बैठक, राष्ट्रिय जलवायु परिवर्तन परिषद् बैठक, पेरिस सम्झौताको धारा ६ अन्तर्गतको छलफल, संयुक्त राष्ट्रसङ्घका महासचिवले जलवायु कार्यमा नेपालको एनडीसीको उच्चस्तरीय सहभागिता तयारी गर्नेछौं," उहाँले भन्नुभयो, "नयाँ वार्ता समूह दर्ता, उच्चस्तरीय शिखर सम्मेलनको तयारी, सम्बन्धित अधिकारीहरूलाई तालिम, मनोनित प्रतिनिधिहरूको भूमिका विभाजन, कोप-३० मा भाग लिनका लागि आचारसंहिता, कोप-३० को भर्चुअल अनुगमन र समन्वय संयन्त्रलगायतका विषयमा तयारी गर्नेछौं।"

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिन सहमति गरे पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाई हिम भण्डार पग्लने अनुमान अध्ययनले गरेका छन्।

युथ एलाइन्स फर इन्भायरोन्मेन्ट (युएई) अध्यक्ष सनोत अधिकारीले यस सम्मेलनमा नेपालले खासगरी युवाका विषयका साथै जलवायु वित्त, हरित जलवायु कोष र हानी नोक्सानी कोषमा पँहुच र सरलीकरण विषय, कार्बन व्यापार, जलवायु अनुकूलन र न्यूनीकरणलगायत विषयमा आवाज उठाउनुपर्ने बताउनुभयो। यसका साथै नेपालले सगरमाथा संवादको निष्कर्ष 'सगरमाथा आह्वान' का विषयका साथै नेपालले जलवायु परिवर्तनमा गरेका राम्रा अभ्यासका बारेमा सशक्त रुपमा आवाज उठाउन मन्त्रालयलाई सुझाव दिनुभयो।

**नेपालबाट उच्चस्तरीय सहभागिता**

कोप-३० मा नेपालबाट राष्ट्रप्रमुख वा सरकार प्रमुख तहको उच्चस्तरीय सहभागिता जनाउने गरी मन्त्रालयले तयारी गरिरहेको छ। यस सम्मेलनमा सम्भवतः प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा नेपालले सहभागिता जनाउनुहुनेछ। पछिल्लो समय उहाँले जलवायु परिवर्तन र वातावरणका विषयमा प्राथमिकताका साथ चासो लिँदै आउनुभएको छ।

नेपालबाट हालसम्म पाँच सम्मेलनमा राष्ट्र/सरकार प्रमुखस्तरबाट सहभागिता भएको छ। सन् २००९ डेनमार्कको कोपनहेगनमा भएको १५औं सम्मेलनमा तत्कालीन प्रधानमन्त्री माधव नेपाल, सन् २०१८ मा पोल्याण्डमा भएको २४औं सम्मेलनमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी, सन् २०२१ मा संयुक्त अधिराज्यको स्कटल्याण्डमा भएको २७औं सम्मेलनमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, सन् २०२३ मा युएईको दुबईमा भएको कोप-२८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र गत वर्ष अजरबैजानको बाकुमा भएको कोप-२९ सम्मेलनमा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वको नेपालले उच्चस्तरीय सहभागिता जनाएको थियो।

उच्चस्तरीय प्रतिनिधित्वले सम्बन्धित मुलुकले सम्मेलनलाई कति गम्भीर रूपमा लिएको छ भन्ने सन्देश जाने र यसले निर्णय क्षमता र कार्यान्वयनमा ठूलो महत्त्व राख्ने कूटनीतिक विषयका जानकारहरुको भनाइ छ।

वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ०.३ डिग्री सेल्सियसदेखि ०.७ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। परिवर्तित जलवायुका कारण नेपालमा पछिल्लो समय मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ।

यसप्रकारको हेरफेरका कारण उत्पन्न हुने जलवायुजन्य प्रकोप र विपद्ले गर्दा नेपाली जनताले बहुपक्षीय चुनौतीको सामना गर्नुपरिरहेको छ।

# 'सहकारी ऐन, २०७४ मा नमिलेका विषय संशोधनबाट मिलाइने'

काठमाडौं, १ भदौ (रासस)।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी ऐन, २०७४ मा नमिलेका विषय मिलाउन ऐन संशोधन गरिनुपर्ने बताउनुभएको छ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफस्कुन) को ३८औं स्थापना दिवसका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा उहाँले सहकारी ऐनमा नमिलेका विषयले यो क्षेत्रलाई व्यवस्थापन गर्न समस्या भएकाले ऐन संशोधनको आवश्यकता औंल्याउनुभयो।

तीन खम्बे अर्थतन्त्रको सहकारी महत्त्वपूर्ण खम्बा भएकाले यसलाई सक्षम र सशक्त बनाइनुपर्ने मन्त्री अधिकारीले धारणा राख्नुभयो। वडा, पालिका र जिल्लामा कति सहकारी आवश्यक हो, त्यो पहिचान गरेर दर्ता गरिनुपर्ने बताउँदै उहाँले तरलताको व्यवस्थापनमा सहकारी क्षेत्र लाग्नुपर्नेमा जोड दिनुभयो।

सहकारी नियमन प्राधिकरण, समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले काम गरिरहेको बताउँदै बदनाम भएका सहकारीको अभिलेख तयार पार्न सरोकार भएका निकायलाई मन्त्री अधिकारीले निर्देशन दिनुभयो।

समितिका अध्यक्ष श्रीमनकुमार गौतमले सरकारले घोषणा गरेका समस्याग्रस्त २३ सहकारीमध्ये तीन वटाको हिसाबकिताब राफसाफ गरी बचतकर्ताको सबै बचत रकम फिर्ता गरिएको उल्लेख गर्नुभयो।

कार्यक्रममा सहकारी महासङ्घका अध्यक्ष ओमदेवी मल्ल, नेफस्कुनका अध्यक्ष चन्द्र ढकाललगायत वक्ताले सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि आवश्यक छलफल र पहल भइरहेको बताउनुभएको थियो।

### *साउन सकिँदा...*

यहाँ हिउँदे धानखेतीका लागि जेठ तेस्रो साताभित्र ब्याड राख्ने, असार तेस्रो साताभित्र पहिलो शाही रोप (बीउ रोप) सक्ने र साउन मसान्तसम्म खरुअन (कलम, धानको बीउ रोप गाँजिएपछि त्यो उखेलेर रोप्ने काम) रोप लगाउने परम्द्ध परागत तालिका छ। किसानले यो तालिकाभित्र पानी, बीउ र मल नपाइँदा हण्डर खानु परेको बताएका छन्। तीनै तहका सरकारसँग समयमै धानखेतीका लागि आवश्यक पानी, मल, बीउसहितको वातावरण सुनिश्चित गरिदिन किसानले माग गरेका छन्।

## विश्व समाचार

# गाजामा इजरायली आक्रमण, ४० जनाको मृत्यु

गाजा पट्टी, १ भदौ (रासस/एएफपी)।

गाजाको नागरिक सुरक्षा एजेन्सीले शनिबार भएको इजरायली आक्रमणमा कम्तीमा ४० जनाको मृत्यु भएको जनाएको छ। यो घटनालाई इजरायली सेनाले गाजा सहर कब्जा गर्ने योजनाअघि गरिएको ठूलो आक्रमणको सङ्केतका रूपमा हेरिएको छ। बाइस महिनादेखि चलिरहेको युद्धले गम्भीर मानवीय सङ्कट निम्त्याइरहेका बेला इजरायलले गाजा सहर कब्जा गर्ने निर्णय एक हप्ताअघि मात्र गरेको थियो। त्यसअन्तर्गत सेनाले आइतबारदेखि गाजामा थप पाल र आश्रय सामग्री पठाउने बताइएको छ।

हमासले भने यस कदमलाई 'गाजा सहर कब्जा गर्ने क्रूर योजनाको हिस्सा' भन्दै कडा विरोध गरेको छ। गाजाका नागरिक सुरक्षा प्रवक्ता महमुद बासलका अनुसार गाजा सहरको जितुन क्षेत्र अत्यन्तै खराब अवस्थामा पुगेको छ। त्यहाँ करिब ५० हजार मानिस रहेका र तिनीहरू मध्ये धेरैजना खाना, पानी र अन्य आधारभूत आवश्यकताबाट वञ्चित भएको उहाँले बताउनुभयो।

हालैका दिनमा गाजा सहरका आवासीय क्षेत्रहरूमा निरन्तर हवाई आक्रमण भएको स्थानीयवासीहरूले बताएका छन्। सेनाले भने आफ्नो कारबाही अन्तर्राष्ट्रिय कानूनअनुसार भएको दाबी गर्दै नागरिक क्षति कम गर्न प्रतिबद्ध रहेको जनाएको छ। एक स्थानीय बासिन्दा घसन कास्कोले भन्नुभयो, "हामीलाई निद्राको स्वाद थाहा छैन। विस्फोट र बमबारी कहिल्यै रोकिन्न।"

संयुक्त राष्ट्रसङ्घ समर्थित विज्ञहरूले इजरायलले मानवीय सहायतामा कटौती गरेकाले यस क्षेत्रमा ठूलो अनिकालको खतरा रहेको चेतावनी दिएका छन्। शनिबार मात्र गाजामा सहायता वितरण स्थल नजिकै सेनाले गोली चलाउँदा खाना लिन लाइनमा उभिएका १३ जना प्यालेस्टिनीको ज्यान गएको बताइएको छ।

सन् २०२३ अक्टोबरमा हमासले इजरायलमा गरेको आक्रमणपछि सुरु भएको यस युद्धमा हालसम्म एक हजार दुई सय १९ इजरायलीको ज्यान गएको छ। गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणका कारण ६१ हजारभन्दा बढी प्यालेस्टिनी मारिएका छन्।

# पाकिस्तानमा बाढी : ३४४ जनाको मृत्यु, १५० भन्दा बढी बेपत्ता

बाबर (पाकिस्तान), १ भदौ (रासस/एपी/एएफपी)।

उत्तरपश्चिम पाकिस्तानमा आएको विनाशकारी बाढीमा कम्तीमा तीन सय ४४ जनाको ज्यान गएको छ भने एक सय ५० जनाभन्दा बढी बेपत्ता भएको प्रान्तीय विपद् व्यवस्थापन एजेन्सीका प्रमुख असफान्दियार खट्टकले आइतवार बताउनुभएको छ। हजारौं उद्धारकर्मी वर्षा र माटोको भारी चपेटाबीच बाँचेका मानिसहरूलाई खोज्दै, भग्नावशेषमुनि दबिएका घरहरू उत्खनन गरिरहेका छन्। "बुनेर जिल्लामा मात्रै करिब १५० जना अझै बेपत्ता छन्। उनीहरू भग्नावशेषमुनि फसेका वा बाढीले बगाएको हुन सक्छ," खट्टकले भन्नुभयो। उहाँका अनुसार साङ्ला जिल्लामा पनि दर्जनौं मानिस बेपत्ता छन्।

सबैभन्दा बढी क्षति बुनेरमै भएको छ। त्यहाँ कम्तीमा दुई सय आठ जनाको मृत्यु भएको र करिब १०-१२ गाउँ आंशिक रूपमा पुरिएको प्रान्तीय उद्धार प्रवक्ताले बताए। "भग्नावशेषमुनि फसेकाहरूको उद्धार कार्य जारी छ," उद्धार एजेन्सीका प्रवक्ता बिलाल अहमद फैजीले भन्नुभयो। उहाँका अनुसार करिब दुई हजार उद्धारकर्मी नौ जिल्लामा राहत कार्यमा खटिएका छन्।

खैबर पख्तुनख्वा प्रान्तको पहाडी जिल्ला बुनेरमा शुक्रबार आरी घोप्टे मनसुनी वर्षा भएपछि आकस्मिक बाढी र पहिरो आएको थियो। आपत्कालीन सेवाका प्रवक्ता मोहम्मद सोहेलका अनुसार क्षतिग्रस्त सडकहरू मध्ये आधाभन्दा बढी खोलिएपछि दुर्गम गाउँसम्म सवारीसाधन र भारी मेसिनरी पुग्न थालेका छन्। प्रहरी र उद्धारकर्मीहरू ढुङ्गा-माटो पन्छाउँदै ध्वस्त घरका भग्नावशेषमा बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका छन्।

सबैभन्दा ठूलो दुर्घटना कादर नगर गाउँमा भएको छ। त्यहाँ विवाहको पूर्वसन्ध्यामा बाढीको पानी घरमा पस्दा एउटै परिवारका २४ जनाको ज्यान गएको छ। परिवारका प्रमुख उमर खान भने घरबाहिर भएकाले बाँच्न सफल भए। उनका चार आफन्त अझै बेपत्ता छन्।

प्रान्तीय मुख्यमन्त्री अली अमिन गन्धापुरले शनिबार बुनेर पुगेर मृतकका परिवारलाई २० लाख रुपैयाँ (करिब सात हजार दुई सय डलर) सहयोग दिने घोषणा गर्नुभयो। उहाँले पाल, खाना र सफा पिउने पानीको व्यवस्था गरी पानीजन्य रोग फैलिन नदिन पहल भइरहेको पनि बताउनुभयो।

प्रधानमन्त्री शाहबाज सरिफले राहत कार्य प्रत्यक्ष निगरानी गरिरहेको र तत्काल सहायताको वितरण, फसेकाहरूको उद्धार तथा बेपत्ता व्यक्तिहरूको खोजीलाई तीव्र बनाउन निर्देशन दिएको सरकारी विज्ञप्तिमा उल्लेख छ। विपद् व्यवस्थापन प्राधिकरणले अगस्ट १७ देखि १९ सम्म थप बाढी र पहिरोको चेतावनी दिँदै स्थानीय प्रशासनलाई सतर्क रहन आग्रह गरेको छ। यस वर्ष जुन २६ देखि शुरु भएको मनसुनमा हालसम्म छ सयभन्दा बढीको ज्यान गइसकेको छ।

सन् २०२२ मा पाकिस्तानमा आएको कीर्तिमानी मनसुनी वर्षाले करिब एक हजार सात सय जनाको ज्यान लिएको थियो र लाखौं घर ध्वस्त पारेको थियो। हरेक वर्ष जुनदेखि सेप्टेम्बरसम्मको मनसुनमा विशेष गरी उत्तरपश्चिमी पहाडी क्षेत्रका गाउँहरू आकस्मिक बाढी र पहिरोको जोखिममा पर्छन्। विशेषज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारण दक्षिण एसियामा यस्ता चरम मौसमी घटनाहरू अझै धेरै र गम्भीर बन्दै गएका छन्।

यसैबीच, भारत प्रशासित काश्मीरमा पनि भारी वर्षापछि आकस्मिक बाढी आएको छ। कठुआ जिल्लामा कम्तीमा सात जनाको मृत्यु र पाँच जना घाइते भएका छन्। किश्तवार जिल्लाको दुर्गम चोसिती गाउँमा तीन दिनअघि आएको बाढीपछि उद्धार टोलीले अझै खोजी कार्य जारी राखेको छ। यस घटनामा कम्तीमा ६० जनाको मृत्यु र एक सय५० भन्दा बढी घाइते भएका छन्। घाइतेमध्ये ३८ जनाको अवस्था गम्भीर छ। बाढी वार्षिक हिन्दू तीर्थयात्रा भइरहेका बेला आएको थियो। अधिकारीहरूले तीन सयभन्दा बढीलाई उद्धार गरेका छन् भने करिब चार हजार तीर्थयात्रीलाई सुरक्षित स्थानमा सारिएको छ।

# पत्रकारहरुले जिल्ला प्रशासन कार्यालय अगाडी दिए धर्ना



**दैनिक समाचारदाता जनकपुरधाम, १ भदौं ।** जग्गालाई लिएर उत्पन्न विवादपछि पत्रकारहरूमाथि भएको सांघातिक आक्रमणका दोषीलाई अहिलेसम्म पक्राउ नगरेपछि पत्रकारहरुले जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना दिएका छन् ।

दोषीमाथि कडा कारबाहीको माग गर्दै नेपाल पत्रकार महासंघ धनुषा शाखाको अगुवाइमा पत्रकारहरुले आइतबार बिहान ११ बजेदेखि १२ बजेसम्म शान्तिपूर्ण धर्ना दिएका हुन् ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशले केन्द्रीय गुठी संस्थानसँग विधिसम्मत रुपमा सम्झौता गरी ४ कट्ठा जग्गा लिजमा लिएको छ । तर, उक्त जग्गा आफ्नो क्षेत्राधिकारभित्र पर्ने भन्दै नेपाल बार एसोसिएशन जनकपुरका केही वकिलले बखेडा सिर्जना गरेका छन् ।

सम्झौताका आधारमा निर्माणको प्रक्रिया अगाडि बढाइरहेका बेला गत साउन २७ गते ती वकिलहरूले विवाद निम्त्याउँदै पत्रकारहरूमाथि एकाएक आक्रमण गरेका थिए । सो घटनामा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्यामप्रसाद बन्जारा, उपाध्यक्ष ज्योति झा, महासचिव शैलेन्द्र महतो, पत्रकार दिवाकर राय, अनिलकुमार निराला र विनिता यादव घाइते भएका थिए ।

घटनापछि पत्रकार महासंघले दोषी पहिचान गरी किटानी जाहेरी दिएपनि स्थानीय प्रशासनले आक्रमणकारीलाई पक्राउ नगरेको भन्दै पत्रकार समुदाय आक्रोशित बनेको छ ।

धर्नामा सहभागि नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहले दोषीलाई संरक्षण गर्ने कार्य प्रशासनबाट भइरहेको आरोप लगाउँदै भने, 'हाम्रा साथीहरू घाइते भए, हामीले किटानी जाहेरी दिँदा पनि प्रहरीले कुनै कारबाही गरेन । हामी धर्नामा बस्न बाध्य भयौं । माग पूरा भएन भने थप कडा आन्दोलन गर्छौं ।'

त्यस्तै, मधेश प्रदेशका अध्यक्ष श्यामप्रसाद बन्जाराले शान्तिपूर्ण आन्दोलनद्वारा दबाब सिर्जना गर्नु परेको उल्लेख गर्दै भने, 'देशव्यापी आन्दोलन नहोस्, अवस्था उग्र नहोस् भनेर हामीले अहिलेसम्म संयमता अपनाएका हौं । तर, प्रशासनको भूमिका अलोकतान्त्रिक हुँदै गयो भने हामी चुप लागेर बस्दैनौं ।'

पत्रकार महासंघले यो धर्ना पहिलो चरणको दबाबमूलक कार्यक्रमको रुपमा रहेको जनाएको छ । दोषी पक्राउ नगरिए थप चरणबद्ध आन्दोलनको घोषणा गर्ने तयारी भएको अध्यक्ष साहले बताए ।

# 'करदातामाथि अतिरिक्त भार नपर्ने गरी कर आधार विस्तार आवश्यक'

काठमाडौं, १ भदौं (रासस) । नेपाल व्यवस्थापन सङ्घ (म्यान) ले यहाँ आयोजना गरेको एक कार्यक्रममा विद्यमान करदातामाथि अतिरिक्त भार नपर्ने गरी कर आधार विस्तारको आवश्यकता औंल्याइएको छ ।

'राजस्व सङ्कलन तथा परिचालनः सम्भावना, चुनौती र अगाडि बढ्ने मार्ग' विषयक कार्यक्रममा वक्ताहरूले संस्थागत क्षमता अभिवृद्धिमार्फत करको अनुपालन तथा कार्यान्वयन सुदृढीकरण गरिनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रमका प्रमुख स्रोतव्यक्ति एवं पूर्वअर्थसचिव रामशरण पुडासैनीले आफ्नो प्रस्तुतीकरण गर्दै नेपालको समग्र वित्तीय संरचना, कर नीति, तथा राजस्व परिचालनका विविध पक्षमाथि चर्चा गर्नुभयो । उहाँले राष्ट्रिय विकासको प्राथमिकता तथा दिगो वृद्धिसँग सुसङ्गत हुनेगरी राजस्व परिचालन रणनीतिहरूको विकास गरिनुपर्नेमा जोड दिनुभयने ।

नीति निर्माता, अर्थशास्त्री, शिक्षाविद्, निजी क्षेत्रका प्रतिनिधि तथा सञ्चारकर्मीहरूलगायतको उपस्थितमा भएको कार्यक्रममा अन्य वक्ताहरूले पनि कर नीति, त्यसको दायरा र कर अनुशासनबारे आफ्नो धारण राखेका कार्यक्रमका संयोजक एवं म्यानका महासचिव इन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

संघले हरेक शुक्रबार गर्ने आफ्नो नियमित कार्यक्रमअन्तर्गत 'शुक्रबार व्यवस्थापन वार्ता कार्यक्रम' सञ्चालन गरिरहेको र त्यसक्रममा यसपटकको श्रृङ्खला आयोजना गरिएको उहाँले बताउनुभयो ।

### प्रधानमन्त्री ...

भेटका क्रममा निमन्त्रणा दिनुभएको भेटमा सहभागी प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमालले सो जानकारी दिनुभयो ।

भेटका अवसरमा दुई पक्षीय उच्चस्तरीय भ्रमणको आदानप्रदान र आपसी सम्बन्धका विविध पक्षमा कुराकानी भएको थियो । भ्रमणको मितिबारे दुवै पक्षले आधिकारिक रुपमा अहिलेसम्म घोषणा गरेका छैनन् । दुवै मुलुकका कूटनीतिक संयन्त्रको आपसी समझदारीबाट उक्त भ्रमणको कार्यतालिका सार्वजनिक गर्ने बताइएको छ ।

### वैशाखदेखि ...

जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्मा परेर २३ जना बेपत्ता हुँदा पाँच हजार ४१ परिवार प्रभावित भएका छन् । देशभर बाढीका दुई सय १६, पहिरोका तीन सय १७, भारी वर्षाका दुई सय २१, चटयाङका दुई सय ४५, सर्पदंशका ७७ घटना घटेका छन् ।

त्यसैगरी, आगलागीका एक हजार ११४, डढेलोका एक सय ५८, हुरीबतासका दुई सय ७७, जनावर आक्रमणका एक सय ७२, लेक लागेको ४६, भूकम्पका पाँच, डुङ्गा पल्टेर दुई, असिना हुरी र अन्यका एक-एकवटा विपद्का घटना घटेका छन् ।

प्राधिकरणका अनुसार साउन ३१ गते मात्र आगलागीका सात, बाढी एक, पहिरोका आठ, अविरल वर्षा चार, जनावर आक्रमणका तीन घटना घटेका छन् । विपद्मा परेर एक जनाको ज्यान गएको छ । अनुमानित क्षति रु ३८ लाख ४० हजार बराबर भएको छ । विपद्बाट प्रभावितको खोज, उद्धार र राहतका लागि एक सय ४० प्रहरी परिचालन गरिएको छ ।

# निःसन्तान उपचारमा पारदर्शिता र सुरक्षाका लागि स्वास्थ्य मन्त्रालयद्वारा मापदण्ड जारी

काठमाडौं, १ भदौ (रासस) । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निःसन्तान उपचार ( आइभीएफ) सेवालाई व्यवस्थित बनाउन र नियमन गर्न 'निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२' स्वीकृत गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले मन्त्रिस्तरीय निर्णय गर्दै उक्त मापदण्ड स्वीकृत गर्नुभएको हो ।

यो मापदण्डले नेपालमा निःसन्तान उपचार सेवा र यसका लागि आवश्यक प्रयोगशाला, जनशक्ति व्यवस्थापन तथा संवेदनशील मानिएको शुक्रकिट तथा अण्डा दान(डोनर) प्रक्रिया थप व्यवस्थित हुने भएको छ ।

मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा सरोज शर्माले यो मापदण्डले निःसन्तान उपचार केन्द्रहरूको कानुनी आधारमा प्रभावकारी नियमन र निःसन्तान उपचार सेवामा एकरूपता ल्याउने बताउनुभयो । उहाँका अनुसार न्यूनतम भौतिक पूर्वाधार, जनशक्ति र प्रयोगशालाको स्तर तोक्ने, सेवा शुल्कलाई पारदर्शी बनाउने तथा सेवाग्राही र दाताको अधिकार सुनिश्चित गर्ने उद्देश्यले यो मापदण्ड जारी गरिएको हो ।

उहाँले भन्नुभयो, "निःसन्तानपन एक संवेदनशील स्वास्थ्य समस्यामात्र नभएर गहिरो सामाजिक र मनोवैज्ञानिक विषय पनि हो । यस मापदण्डले निःसन्तान उपचार सेवालाई थप सुरक्षित, पारदर्शी र अन्तरराष्ट्रियस्तरको बनाउन लागि एक कोशेढुङ्गाका रुपमा काम गर्ने छ ।"

डा शर्माले मापदण्डबमोजिम सेवा प्रदायकलाई पूर्ण जिम्मेवार बनाइने छ । तोकिएको मापदण्ड पालना नगर्ने जोसुकैलाई कडा कानुनी दायरामा ल्याउने बताउनुभयो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बूढाथोकीले प्रजनन स्वास्थ्यको क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन यस मापदण्डले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । "पछिल्लो समय निःसन्तानपनको समस्या बढ्दो छ । तर यसको उपचार दिने संस्थाहरूको गुणस्तर र प्रक्रियामा थुप्रै प्रश्न उठेका थिए । धेरै दम्पतीहरू ठगिनसक्ने र गुणस्तरीय सेवा नपाउँदा उनीहरुको जीवन समेत जोखिममा पर्नसक्ने खतरा थियो", प्रवक्ता डा बुढाथोकीले भन्नुभयो, "यो मापदण्डले सेवालाई सुरक्षित र विश्वसनीय बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।"

मापदण्डमा 'आइयुआई' र 'आइभीएफ' जस्ता विशिष्ट सेवा सञ्चालन गर्न स्वास्थ्य मन्त्रालयबाट अनिवार्य रूपमा अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक अनुमति प्राप्त केन्द्रमा निःसन्तान रोग विशेषज्ञ, तालिम प्राप्त 'इम्ब्रायोलोजिष्ट' र 'एनेस्थेसियोलोजिष्ट' लगायतका दक्ष जनशक्ति अनिवार्य हुनुपर्नेछ ।

भ्रूणको विकासमा प्रत्यक्ष असर पार्ने प्रयोगशाला र शल्यक्रिया कक्षको वातावरणीय गुणस्तरका लागि प्राविधिक मापदण्ड तोकिएको छ । सेवा शुल्क मन्त्रालयले निर्धारण गरेबमोजिम मात्र लिन पाइनेछ भने प्रत्येक संस्थाले १० प्रतिशत सेवा गरिब तथा विपन्न वर्गलाई निःशुल्क उपलब्ध गराउनुपर्नेछ । सेवाको गुणस्तर, जनशक्ति र उपकरणको अवस्थाबारे मन्त्रालयको समितिले नियमित अनुगमन गर्ने र मापदण्ड पालना नगर्ने संस्थाको अनुमति खारेज गर्नसक्ने व्यवस्था गरिएको छ ।


शुक्रकिट वा अण्डा दान गर्ने दाताका लागि समेत स्पष्ट मापदण्ड तोकिएको छ । दाताको उमेर २० देखि ३५ वर्षको बीचमा हुनुपर्ने, कुनै पनि सरुवा रोग नभएको स्वास्थ्य परीक्षणबाट प्रमाणित हुनुपर्ने र विवाहितको हकमा दम्पतीको लिखित मञ्जुरीजस्ता विषयलाई अनिवार्य गरिएको छ ।

एक व्यक्तिले दान गर्न पाउने पटकको सङ्ख्या सीमित गरिएको छ र दाताको पहिचान पूर्ण रूपमा गोप्य राख्नुपर्नेछ । साथै, कुनै पनि व्यक्तिलाई प्रलोभनमा पारी वा दबाबमा राखी दान गराउन पूर्ण रूपमा निषेध गरिएको छ ।

### पुरुष झुण्डिएको ...

घटनाको सुक्ष्म अनुसन्धानको माग गरेका छन् ।

इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख डिएसपी माधव प्रसाद काफ्लेले शव परीक्षणपछि मात्र मृत्युको वास्तविक कारण थाहा हुन सक्ने भन्दै मृतकको शव पोष्टमार्टमका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*